अध्यक्षमा ओलीलाई टक्कर दिने तयारीमा विद्या समूह

तेस्रोपटक नेतृत्व लिने योजनासहित तयारीमा ओली, पोखरेलमार्फत ओलीलाई टक्कर दिने योजनामा भण्डारी

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेको महाधिवेशनको सरगर्मी बढिरहेका वेला पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलमार्फत अध्यक्षमा केपी ओलीलाई टक्कर दिने गरी वार्मअप थालेकी छिन् । अध्यक्ष केपी ओलीले तेस्रोपटक नेतृत्व लिने योजनासहित तयारी गरिरहेकै वेला नेतृत्व हस्तान्तरणमा सहमति नजुटे उनलाई टक्कर दिने तयारी भण्डारीले पोखरेलमार्फत दिएकी हुन् । साथै, गत भदौमा भएको विधान महाधिवेशनबाट पारित दस्ताबेजमा पुनः छलफल, पुनः अनुमोदन गर्न दबाब बढाउने भण्डारी समूहको योजना छ । जबकि अघिल्लो साता अध्यक्ष ओलीले आफूलाई निर्विकल्प सर्वसम्मत अध्यक्षका रूपमा प्रस्तुत गर्दै राष्ट्रिय महाधिवेशनमा नेतृत्व निर्माणबाहेक कुनै पनि विषयमा छलफल हुन नसक्ने सन्देश दिएका थिए ।

पोखरेलले ११औँ महाधिवेशनमा भण्डारीको सहयोगमा अलग्गै समूह बनाएर प्रतिस्पर्धा गर्ने गरी तयारी गरिरहेका हुन् । पोखरेलले पहिलोपटक औपचारिक रूपमा मुख खोलेर शुक्रबार नीति र नेतृत्वमा परिमार्जन आवश्यक रहेकाले पार्टी पंक्तिलाई बहसमा सामेल हुन सन्देश जारी गरेका छन् । यो अपिल जारी गर्नुअघि पोखरेलले पूर्वराष्ट्रपति भण्डारीसहित उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सचिवद्वय गोकर्ण विष्ट, योगेश भट्टराईलगायत पदाधिकारी, स्थायी समिति, केन्द्रीय कमिटी सदस्य, पार्टीको नीतिमा प्रभाव पार्न सक्ने व्यक्तित्वलगायतसँग आन्तरिक छलफल गरेको उनीनिकट नेताहरूको भनाइ छ ।

अब बस्ने केन्द्रीय सचिवालय बैठकमा पोखरेलले ओलीले नेतृत्व हस्तान्तरण गर्नुपर्ने कारण र आफूलाई सहयोग गर्न आग्रह गर्दै एघारौँ महाधिवेशनमा नेतृत्वमा दाबी गर्ने विषय र आधारहरूबारे खुलेर धारणा राख्ने तयारी गरिरहेका छन् । त्यसैको वार्मअपका लागि पनि उनले अपिल जारी गरेको निकटस्थ नेताहरूको भनाइ छ ।

भण्डारी र पोखरेललाई साथ दिइरहेका सचिव गोकर्ण विष्टले विकसित घटनापछि नीति र नेतृत्व दुवैमा पुनर्गठन अनिवार्य भएकाले मुद्दामा सहमति नबने आन्तरिक प्रतिस्पर्धा हुने बताए । '२३ र २४ भदौको विकसित घटनापछि यथास्थितिबाट पार्टी चल्दैन, पुनर्गठन हुनुपर्छ । नयाँ ढंगले पार्टीलाई लैजाने विषयमा सहमति भएन भने विकल्परहित ढंगले जान सकिँदैन, त्यस्तो अवस्थामा ११औँ महाधिवेशनबाट स्वाभाविक रूपमा प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुन सक्छ,' विष्टले नयाँ पत्रिकासँग भने ।

पोखरेलले महाधिवेशन प्रतिनिधि छनोटमा संस्थापन पक्षबाट हुन सक्ने हस्तक्षेप वा धाँधलीतर्फसमेत सचेत भएर निर्भयतापूर्वक सहभागी हुन पोखरेलले पार्टी पंक्तिलाई अपिल पनि गरेका छन् । 'महाधिवेशन प्रतिनिधिको छनोट १३ मंसिरमा देशभर हुँदै छ । जबजको संठनात्मक सिद्धान्तअनुसार उत्साह र निर्भयताका साथ प्रतिनिधि छनोटमा सहभागी बन्न पनि सम्पूर्ण पार्टी सदस्यहरूलाई म अपिल गर्दछु,' उनको अपिलमा भनिएको छ ।

"राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान पास भइसकेको छ । मैले उद्घाटन मन्तव्य राख्छु, त्यसपछि महाधिवेशन सोझै नेतृत्व चयनमा जान्छ ।

"हामीले आफूलाई अद्यावधिक गर्न आवश्यक छ । २३ भदौ र त्यसपछि उत्पन्न परिस्थितिको गम्भीर समीक्षा गरी नयाँ कार्यदिशाका साथ अघि बढ्नुपर्ने आवश्यकता छ ।

प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुन सक्छ

● **गोकर्ण विष्ट**, सचिव, एमाले

२३ र २४ भदौको विकसित घटनापछि यथास्थितिबाट पार्टी चल्दैन, पुनर्गठन हुनुपर्छ । नयाँ ढंगले पार्टीलाई लैजाने विषयमा सहमति भएन भने विकल्परहित ढंगले जान सकिँदैन, त्यस्तो अवस्थामा ११औँ महाधिवेशनबाट स्वाभाविक रूपमा प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुन सक्छ । अबको राजनीति कता जाँदै छ भनेर सही विश्लेषण नगरेर कार्यदिशा बन्दैन, सही कार्यदिशा बनेन भने आगामी यात्रा सुनिश्चित हुन सक्दैन, त्यसैले विधान महाधिवेशनबाट पारित दस्ताबेजलाई परिमार्जन गरेर समृद्ध बनाउनुपर्ने आवश्यकता छ ।

पार्टीले महाधिवेशनमा अलग धार देखाउन दिँदैन

● **राजेन्द्र गौतम**, प्रचार विभाग प्रमुख, एमाले

विधान महाधिवेशनबाट पारित भएका राजनीतिक र संगठनात्मक प्रतिवेदन तथा विधान राष्ट्रिय महाधिवेशनका अभिन्न अंग हुन्छन् र महाधिवेशन प्रतिनिधिलाई वितरण गरिनेछ । तिनै प्रस्तावले राष्ट्रिय महाधिवेशनलाई निर्देशित गर्नेछ । तर, अहिले जसरी बाहिर ती प्रतिवेदनमाथि पुनः छलफल, पुनः अनुमोदन गर्नुपर्ने ढंगले बहस गरेजस्तो भाष्य खडा गर्न खोजिँदै छ, त्यसप्रति पार्टी औपचारिक रूपमै सहमत छैन । महाधिवेशनले विकसित राजनीतिक घटनाक्रमका सवालभित्र जेन-जी आन्दोलन, त्यसका बहुआयामिक प्रभाव, आपराधिक घटनाहरू संसद् पुनर्स्थापनाका मुद्दाहरूलगायतमा विशेष प्रस्ताव पारित गर्न सक्छ ।

ओलीलाई पोखरेलको जवाफ

गत २०-२२ भदौमा भएको विधान महाधिवेशनबाट राजनीतिक प्रतिवेदन, सांगठनिक प्रस्ताव, विधान संशोधन प्रस्तावलगायत दस्ताबेज पारित गरिएको थियो । तर, २३-२४ भदौपछि परिस्थितिमा व्यापक परिवर्तन आएको भन्दै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आगामी ११औँ राष्ट्रिय महाधिवेशनमा राजनीतिक प्रस्ताव, सांठनिक प्रस्ताव, विधानलगायत विषयमा थप बहस र नयाँ निष्कर्षको आवश्यकता औँल्याएका छन् ।

'राजनीतिक अवस्था, राजनीतिक दल, सरकार, संसद्जस्ता संस्थासमेत हिजोको अवस्थामा छैनन् (रहेनन्),' ओलीलाई जवाफ फर्काउँदै अपिलमार्फत पोखरेलले भनेका छन्, 'यस्तो अवस्थामा हिजोका हाम्रा कतिपय निष्कर्षले वर्तमान र भविष्यलाई सही ढंगले मार्ग निर्देशन गर्न सक्तैन । हामीले आफूलाई अद्यावधिक गर्न आवश्यक छ । २३ भदौ र त्यसपछि उत्पन्न परिस्थितिको गम्भीर समीक्षा गरी नयाँ कार्यदिशाका साथ अघि बढ्नुपर्ने आवश्यकता छ ।

सचिव गोकर्ण विष्टले पनि एमाले विधान महाधिवेशनले पारित गरेको कार्यदिशा, विधान र संगठनात्मक प्रस्तावमाथि विकसित परिस्थितिमा छलफल, परिमार्जन आवश्यक रहेको बताए । 'अबको राजनीति कता जाँदै छ भनेर सही विश्लेषण नगरेर कार्यदिशा बन्दैन, सही कार्यदिशा बनेन भने आगामी यात्रा सुनिश्चित हुन सक्दैन, त्यसैले विधान महाधिवेशनबाट पारित दस्ताबेजलाई परिमार्जन गरेर समृद्ध बनाउनुपर्ने आवश्यकता छ,' उनले भने । तर, अध्यक्ष ओलीले दोस्रो विधान महाधिवेशनमा दस्ताबेज पारित भइसकेको र ११औँ महाधिवेशनमा कुनै दस्ताबेज पेस नहुने बताइसकेका छन् । २५ कात्तिकमा आयोजित पार्टी कार्यक्रममा ओलीले भनेका थिए, 'राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान पास भइसकेको छ । मैले उद्घाटन मन्तव्य राख्छु, त्यसपछि महाधिवेशन सोझै नेतृत्व चयनमा जान्छ ।'

२७ देखि २९ मंसिरमा आयोजना हुने राष्ट्रिय महाधिवेशनमा नीति र नेतृत्वबारे छलफल र बहसको गुञ्जायस नरहेको बताएर विरोधीलाई निषेधको नीति लिएको सन्देश ओलीले दिएका थिए । तर, वरिष्ठ उपाध्यक्ष पोखरेलले काउन्टर जवाफ फर्काउँदै २३ र २४ भदौको जेन-जी विद्रोहपछिको विकसित परिस्थितिका सन्दर्भमा पार्टीको नीति र नेतृत्व दुवै विषयमा छलफल आवश्यक रहेको प्रस्ट् याएका छन् । यति मात्र होइन, महाधिवेशन प्रतिनिधि छनोटमा निर्भयताका साथ सहभागी हुनसमेत पार्टी पंक्तिलाई ध्यानाकर्षण गराएका छन् ।

पोखरेलले जेन-जी आन्दोलनका क्रममा व्यक्त भएको नवयुवा पुस्ता र आमजनताको आकांक्षा, आशा, असन्तुष्टि र आक्रोशलाई नजरअन्दाज गरेर अघि नसकिने बताउँदै सबैले अहंकार त्यागेर विश्वास र आशा निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । 'त्यसले दिएको सन्देश र स्थापित गर्न खोजेको मानक, त्यसमा व्यक्त मनोविज्ञानलाई ग्रहण गर्न जरुरी छ । सोहीअनुसार हाम्रो विचार, कार्यशैली र भविष्यका योजनालाई अद्यावधिक गर्न जरुरी छ । राष्ट्रिय जीवनमा गम्भीर क्षति पुऱ्याएको २४ भदौको विध्वंसलाई कुनै पनि बहानामा बेवास्ता गर्न सकिँदैन । त्यसमा संलग्नहरूलाई उन्मुक्ति दिएर हामीले राष्ट्रिय आत्मविश्वास उठाउन सक्दैनौँ । त्यसका लागि हामी सबैले आग्रह, पूर्ववत् अडान, अहंकारलाई त्यागेर नयाँ विश्वास र नयाँ आशा निर्माण गर्न सक्नुपर्छ,' उनको अपिलमा उल्लेख छ ।

अलपत्र पुलछेउको डाइभर्सनमा सवारी दुर्घटना, प्रहरी जवानको मृत्यु

लहान/ हुलाकी सडकअन्तर्गत सिराहाको औरही गाउँपालिका- ४ ईँटाटारस्थित सहजा खोलामा निर्माणाधीन अवस्थामा अलपत्र रहेको पुलछेउमै बनाइएको डाइभर्सनमा बिहीबार राति मोटरसाइकल दुर्घटना हुँदा एकजना प्रहरी जवानको मृत्यु भएको छ । ड्युटीमा जाने क्रममा भएको दुर्घटनामा जिल्ला प्रहरी कार्यालय सिराहामा कार्यरत प्रहरी जवान २६ वर्षीय सागर हास्दाको मृत्यु भएका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले बताए दिए । उनका अनुसार जवान हास्दाको शव शुक्रबार दिउँसो परिवारजनलाई बुझाएर झापा पठाइएको छ ।

राति करिब १ बजेतिर जिल्ला प्रहरीमा प्रहरीको संख्या गन्ती हुँदा एकजना अपुग भएपछि खोजबिन थालिएको हो । हास्दासँगै दुर्घटनामा परी घाइते भएका अर्का प्रहरीबाट खबर आाएपछि प्रहरी घटनास्थल पुगेको थियो । त्यतिवेला खोलाको पानीमा डुबेर मृत्यु भइसकेको अवस्थामा उनलाई भेटिएको बताइएको छ ।

हुलाकी सडकअन्तर्गत सिराहाको औरही र अर्नमा गाउँपालिका जोड्ने सहजा खोलाको आरसिसी पुल निर्माण अलपत्र हुँदा हुलाकी सडक हुँदै ओहोरदोहोर गर्ने यात्रु र स्थानीय सास्ती झेल्नुपर्ने बाध्य छन् । औरही- ४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवले खोलाको देब्रेपट्टि बनाइएको डाइभर्सन बाढीले बगाएपछि करिब पाँच किलोमिटर पश्चिम रहेको जिल्ला सदरमुकाम पुग्न बरियारपट्टी जिरोमाइल गोलबजार चोहर्वा हुँदै ५५ किलोमिटरको दूरी छिचोल्नुपर्ने बाध्यता रहेको बताए । १६ मंसिर ०७९ मा भएको ठेक्का सम्झौताअनुसार कुल २५ मिटर लम्बाइ र ११ मिटर चौडाइको आरसिसी पुल निर्माण १६ मंसिर २०८१ मा सम्पन्न हुनुपर्ने भए पनि पुलको दुवैतर्फको पाइल ढलानपछि अलपत्र छोडिएको छ । ठेक्का सम्झौता भएको दुई वर्षमा निर्माण सक्ने गरी जनकपुरस्थित सुगम निर्माण सेवाले ठेक्का लिएपछि पेटी ठेकेदारका रूपमा धनुषाकै सुप्रिया निर्माण सेवालाई जिम्मा दिएको पुल अलपत्र हुँदा दिनहुँ सास्तीसँगै दिनहुँ सानातिना दुर्घटना भइरहेको स्थानीय बताउँछन् ।

सुगमले सहजाको पुलसहित औरही गाउँपालिका- १ दरहिया गाउँको हुलाकी सडकको बक्स कल्भर्ट गरी भ्याटसमेत ११ करोड ५४ लाख १६ हजार ३७ रुपैयाँ १६ पैसाको ठेक्का सकार गरेको हुलाकी राजमार्ग निर्देशनालयले जनाएको छ ।

भाइरल ज्वरो बढेपछि उमाकुण्डका विद्यालय तीन दिनका लागि बन्द

रामेछाप/ भाइरल ज्वरोका कारण विद्यार्थी बिरामी पर्न थालेपछि रामेछापको उमाकुण्ड गाउँपालिकामा रहेका ४२ सामुदायिक विद्यालय तीन दिनका लागि बन्द गरिएको छ । अधिकांश विद्यार्थीमा ज्वरो आएपछि शुक्रबारदेखि १ मंसिरमम्म विद्यालयको पठनपाठन बन्द गरिएको उमाकुण्ड गाउँपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक शुभजित सुनुवारले बताए । उनका अनुसार केही दिनदेखि उच्च ज्वरो, घाँटी दुख्ने, जिउ दुख्ने, रुघाखोकी लाग्ने समस्या बढेको छ । यहाँका स्थानीय स्वास्थ्य संस्थामा ज्वरोका बिरामीको चाप बढेको छ ।

संक्रमण बढ्दै गएर गाउँभरि फैलन थालेपछि संक्रमण रोक्न विद्यालय बन्द गर्नुपरेको उनले बताए । 'गाउँपालिका र स्वास्थ्य संस्थाले स्वास्थ्य सावधानी अपनाउन सूचना जारी गरेका छौँ,' उनले भने ।

मोरङमा जेन-जी आन्दोलनमा आगजनी र तोडफोड गर्ने १० जना पक्राउ

विराटनगर/ जेन-जी आन्दोलनका क्रममा २४ भदौमा मोरङमा निजी र सार्वजनिक सम्पत्ति आगजनी र तोडफोड गर्ने दशजना पक्राउ परेका छन् । प्रहरीले मोरङको विराटनगरलगायत विभिन्न स्थानमा जेन-जी आन्दोलनको बहानामा तोडफोड र आगजनी गर्ने ६ जनालाई बिहीबार र चारजनालाई शुक्रबार पक्राउ गरेको हो ।

पक्राउ परेका सबैलाई आपराधिक उपद्रव कसुरमा मुद्दा दर्ता गराउने र बाँकी रहेका र फरार भएकाहरूको पनि खोजी भइरहेको मोरङका एसपी कवित कटुवालले बताए । एसपी कटुवालका अनुसार अझै पक्राउ गर्न धेरै बाँकी रहेकाले पक्राउ परेका १० जनाको नाम गोप्य राखिएको छ । केन्द्रीय सरकारको निर्देशनपछि मोरङ प्रहरीले जेन-जी आन्दोलनको बहानामा आगजनी र तोडफोड गर्नेहरूको खोजी तीव्र बनाएको छ ।

जेन-जी आन्दोलनका क्रममा २४ भदौमा विराटनगरमा कोशी प्रदेश सभा, सिडिओ कार्यालय, महानगरपालिकाको मुख्य भवन र वडा कार्यालयहरू, भाटभटेनी सुपरमार्केट, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै मन्त्रालय र आन्तरिक राजस्व कार्यालय, जिल्ला र उच्च अदालतलगायत सार्वजनिक र निजी संरचनाहरूमा आगजनी र तोडफोड भएको थियो । त्यस्तै, मोरङको बेलबारी, पथरी, कानेपोखरीलगायत गाउँपालिकामा पनि आगजनी र तोडफोड भएको थियो ।

सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/२९)

यस कार्यालयबाट मिति २०८२।०५।२२ मा E–Bidding (www.bolpatra.gov.np/egp) मार्फत Contract No. SRM/NCB/W/MKKDS/03/082/083 को बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव मुल्याङकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम (५) बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

Contract No	Work Description	Bidder Selected	Opening Date,Time & Venue
SRM/NCB/W/MKKDS/03/082/083	Mabikhola Kamrang Kumpur Danda Sadak ,Ward No 5 and 6	Siddhalek Nirman Sewa &Suppliers	2082/08/05 ,3:10 PM , Siddhalek Rural Municipality

प्रमुख प्रशासकीय अधिकृत

सडक विभाग
हुलाकी राजमार्ग निर्देशनालय
योजना कार्यालय जनकपुर ,धनुषा

ठेक्का किन नतोड्ने सम्बन्धि १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०७/२९)

यस योजना अन्तर्गत तपशिलका योजनाहरूको निर्माण कार्य सम्पन्न गर्नको लागि बारम्बार मौखिक तथा लिखित ताकेता भएको तथा जनप्रतिनिधि र स्थानीयवासीहरूले पनि बारम्बार यस योजनाहरूको समय भित्र निर्माण कार्य गर्न गराउन ताकेता गरि अल्टिमेटम समेत दिएकोमा खरिद सम्झौताको Scope बमोजिमका काम नगरी ठेक्का अलपत्र छोडेको अवस्था छ । समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसाहीबाट कुनै चासो नदेखाइएको/प्रयास नगरेको देखिएकोले कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, श्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबध्ता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरू यस कार्यालयमा उपस्थित हुन यो सुचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखिएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) र ठेक्का सम्झौतामा उल्लेखित ठेक्का सम्झौताको GCC clause मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कारवाही अघि बढाइने जानकारी समेत गराइन्छ । ठेक्का तोड्न नहुने केहि कारण भए १५ दिन भित्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

सि.नं	ठेक्का नं	कामको विवरण	निर्माण व्यवसायीको नाम
१	HRP/337011284/078-79/BC-016	Construction of Jallad Khola Multicell Box Culvert along Kadamchowk-Kamla Road, Dhanusha.	M/s Sugam Nirman Sewa Pvt. Ltd, Mahendranagar-1
२	HRP/337011284/078-79/BC-17	Construction of Multicell Box Culvert at Pulchowk along Janakpur-Yadukoha Road	M/s Sugam Nirman Sewa Pvt. Ltd, Mahendranagar-1
३	HRP/337011284/078-79/BC-025	Construction of RCC Bridge Over Sahaja Khola and Box Culvert 4x4 at Aurahi Ga.Pa-1, Siraha	M/s Sugam Nirman Sewa Pvt. Ltd, Mahendranagar-2
४	HRP/3372244/073-074/UR-037	Upgrading of Janakpur-Kadamchowk-Kaptaul-Tinkauriya-Saghara-Kamala Bridge Section (Ch. 25+135 to 30+721)	M/S Dhukuchhu Construction Co.Pvt.Ltd. Tibukchhan Sukuldhoka,Bhaktpur
५	DROCNP/337355/4/072-73-62	Construction of Sitalpur-Malangwa-Kharaiyatol Road, Sarlahi Package I (CH 0+000-15+000)	M/S Himdung & Thokar/ Hira & Namita JV, Tinthana, Kathmandu.
६	DROCNP/337355/4/072-73-64	Construction of Sitalpur-Malangwa-Kharaiyatol Road, Sarlahi Package III (CH 30+000-40+370)	M/S Diwa Nirman Sewa, Satdobato, Lalitpur

योजना प्रमुख

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको २०८२/८३ को पहिलो त्रैमासिक अवधिको बिवरण

United Modi Hydropower Ltd.
Kamaladi, Kathmandu, Nepal
UNITED MODI HYDROPOWER
Balance Sheet as on Ashwin 31, 2082 (Unaudited)

'NPR '000

Particulars	As of Ashwin end, 2082	As of Ashadh end, 2082	As of Ashwin end, 2081
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	1,281,685	1,297,788	1,348,619
Other Fixed Assets	2,635	2,755	3,198
Investments	680,000	680,000	680,000
Total Non-Current Assets	**1,964,319**	**1,980,543**	**2,031,817**
Current Assets:			
Deposits	3,070	3,070	3,012
Other Loans & Advances	45,025	23,827	23,827
Sundry Debtors	101,865	103,598	85,846
Cash & Bank Balance	18,334	12,668	2,623
Prepaid Expenses	1,565	4,323	1,556
Total Current Assets	**169,859**	**147,486**	**116,864**
Total Assets	**2,134,178**	**2,128,029**	**2,148,681**
Equity			
Share Capital	1,230,500	1,230,500	1,230,500
Reserve and Surplus	113,684	94,503	99,087
Total Equity	1,344,184	1,325,003	1,329,587
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	758,000	766,000	724,750
Deferred Tax Liability	9,019	9,019	5,420
Total Non-Current Liabilities	767,019	775,019	730,170
Current Liabilities:			
Trade and Other Payables	1,407	371	57,889
Overdraft Loan	-	2,000	15,283
Dividend Payable	14,875	14,875	14,875
Provisions	6,693	10,761	877
Total Current Liabilities	**22,975**	**28,007**	**88,925**
Total Liabilities	**789,994**	**803,026**	**819,095**
Total Equity and Liabilities	**2,134,178**	**2,128,029**	**2,148,681**

Profit & Loss Accounts for the period ended Ashwin 31, 2082 (Unaudited)

Particulars	1st Quarter FY 2082/83	4th Quarter FY 2081/82	1st Quarter FY 2081/82
Revenue from Operations	76,260	282,682	97,773
Less: Direct Expenses	(4,990)	(17,860)	(4,155)
Gross Profit	71,270	264,821	93,617
Other Income	80	240	3
Staff Costs	(6,706)	(28,973)	(5,878)
Other Operating Costs	(9,279)	(30,759)	(5,809)
Financial Costs	(14,676)	(70,182)	(20,971)
Depreciation	(16,224)	(68,366)	(17,091)
Provision for Staff Bonus	(489)	(1,336)	(877)
Net Profit before Tax	23,976	65,444	42,993
Income Tax	(4,795)	(13,089)	(10,748)
(Prior Period Tax	-	(310)	
Net Profit	**19,181**	**52,046**	**32,245**

Note: The figures are regrouped and rearranged where necessary
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड को आ.व. २०८२/८३ को पहिलो त्रैमासिक अवधिको बिवरण

१. **वित्तिय बिवरण**
क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ र आ.ब.२०८२/८३ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०८२/०७/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ ।
ख) प्रमुख वित्तिय अनुपातहरू:

प्रति शेयर आम्दानी (रु.) (EPS)	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पतिको मूल्यँ (रु.)	तरलता अनुपात
११५६	५१०।००	१०९।२४	१७३।३१	७।३९

२. **व्यवस्थापकीय विश्लेषण**
यस आयोजनापुर्ण रुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ यस त्रैमासमा आवश्यकता अनुसारको बहाव उपलब्ध भए अनुसार विद्युत उत्पादन भएको छ । त्यसैगरी, खोलामा पानीको बहाव लगायत विभिन्न प्राकृतिक तथा वातावरणीय पक्षमा यस आयोजनाको उत्पादन तथा आम्दानी निर्भर हुने भएकाले सोको प्रभाव यस त्रैमासिकको वित्तिय अवस्थामा पनि देखिन्छ ।
अघिल्लो बर्षको तुलनामा यस बर्ष उत्पादनमा कमी भएको छ । वर्षायामको पानीसँगै बगेर आएका बालुवा तथा गीट्टीले कलमा अवरोध सृजना गर्ने र बारम्बार सर-सफाई गर्नुपर्दा आयोजना बन्द गर्नुपर्ने हुदाँ उत्पादनमा कमी आएको हो । मोदी खोलामा पानी प्रवाह सन्तोषजनक रहेमा आगामी दिनहरूमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी बिवरण**
यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**
यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धि बिवरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार रकम
६२५।००	४९५।००	५१०।००	५२	९,२३५,५३१	५,२५६, ६२९, ६१२।१०

५. **समस्या तथा चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ । यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरूलाई लाभांश वितरण सम्बन्धी जरुरी सूचना

कम्पनीका बिगतका साधारण सभाबाट पारित लाभांश यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल लि., बाट्लेघर, डिल्लिबजार काठमाण्डौ, फोन नं. ०१-४५१७४५७/४५१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौंसाथै कुनै शेयरधनीले ५ बर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुदां कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला । अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने ब्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराउंदछौं ।